# नेपाल-संस्कृत विश्वविद्यालय
# परीक्षा नियन्त्रण कार्यालयको
# परीक्षा आवेदन प्रपत्र (फाराम)
# भर्ने सम्बन्धी सूचना

नेपाल संस्कृत विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयद्वारा २०८२ सालमा सञ्चालन गरिने तीनवर्षे शास्त्री प्रथम, द्वितीय, तृतीय खण्ड (आंशिक) र चारवर्षे शास्त्री द्वितीय, तृतीय र चतुर्थ खण्ड (नियमित/आंशिक) -२०८२ को परीक्षा नियमानुसार परीक्षा आवेदन प्रपत्र (फाराम) भरी वि.सं. २०८२।११।०४ गतेसम्म आआफ्नो विद्यापीठमा बुझाउन सम्बद्ध सबैको जानकारीका निमित्त यो सूचना प्रकाशित गरिएको छ। परीक्षा आवेदन प्रपत्र (फाराम) परीक्षा नियन्त्रण कार्यालय, दाङ तथा ने.सं.वि.अन्तर्गतका आङ्गिक र सम्बन्धनप्राप्त सबै विद्यापीठहरूबाट प्राप्त गर्न सकिने छ।

**१. परीक्षा शुल्कहरू :-**

| तह | नियमित | | फर्म शुल्क | केन्द्र शुल्क |
|---|---|---|---|---|
| | प्रतिखण्ड पूरा | प्रतिपत्र आंशिक | | |
| शास्त्री | १५० | ४० | ५० | १५० |

**२. विलम्ब शुल्क सम्बन्धमा :-**

परीक्षा आवेदन प्रपत्र (फाराम) बुझाउने म्याद समाप्त भएको मितिले पहिलो हप्तासम्म रू. ५००।- अतिरिक्त जम्मा गरी आवेदन प्रपत्र (फर्म) बुझाउन सकिने छ।

**३. परीक्षा शुल्क पठाउने सम्बन्धमा :-**

परीक्षा-शुल्क रा.बा.बैंक शाखा कार्यालय, तुलसीपुरमा रहेको यस कार्यालयको च.हि.नं. ४१६०१००००१९०५००१ मा रकम जम्मा गरेको सक्कल भौचर संलग्न गरी पठाउनुपर्ने छ।

**४. परीक्षा आवेदन प्रपत्र (फर्म) भर्दा/भराउँदा ध्यान दिनुपर्ने कुराहरू :-**

(क) नियमित परीक्षार्थीहरूको हाजिरी प्रतिशत विद्यापीठले अनिवार्यरूपमा परीक्षा फाराममा उल्लेख गर्नुपर्ने छ।

(ख) परीक्षार्थीहरूले परीक्षा आवेदन प्रपत्र (फाराम) खण्डशअनुसार बेग्लाबेग्लै भर्नुपर्ने छ।

(ग) **चारवर्षे शास्त्रीको आन्तरिक मूल्याङ्कनमा मात्र अनुत्तीर्ण हुने छात्रछात्राहरूले रु. ५०।- अतिरिक्त शुल्क तिरी अनुत्तीर्ण भएका सबै विषयहरू खुल्ने गरी परीक्षा फाराम भर्नुपर्नेछ र सो फारामहरू विद्यापीठले छुट्टै सूची तयार गरी पठाउनुपर्ने छ।**

(घ) नियमित परीक्षार्थीहरूले पूर्व परीक्षाको लब्धाङ्कपत्र तथा शैक्षिक प्रगति विवरण प्रपत्रको प्रमाणित प्रतिलिपि अनिवार्यरूपमा पेस गर्नुपर्ने छ।

(ङ) **आंशिक परीक्षाका परीक्षार्थीहरूले तह प्रवेश वर्ष र प्रत्येक पटक परीक्षा दिएको वर्ष एवं अनुक्रमाङ्क क्रमैसँग अनिवार्यरूपमा भरी पूर्व लब्धाङ्कपत्रका प्रमाणित प्रतिलिपिहरू पनि अनिवार्यरूपमा पठाउनुपर्ने छ।**

(च) अन्य विश्वविद्यालयबाट परीक्षा उत्तीर्ण गरेका परीक्षार्थीहरूले आफूले प्राप्त गरेको पूर्व परीक्षाका सबै प्रमाणपत्र र लब्धाङ्कपत्रहरूका प्रमाणित प्रतिलिपि समेत परीक्षा आवेदन प्रपत्र (फाराम) सँगै पेस गरी पठाउनुपर्ने छ।

परीक्षा-नियन्त्रक

क्रमशः

Scanned with CamScanner

(छ) उपर्युक्त बमोजिम तोकिएको परीक्षा शुल्क नपठाएमा, नियमानुसार परीक्षा फाराम नभरिएमा पञ्जीकरण प्रपत्र (दर्ता फाराम) नभरेमा वा समयभित्र प्राप्त हुन नआएमा त्यस्ता परीक्षा फाराम अस्वीकार्य हुने छन् ।

५. स्वतन्त्र परीक्षार्थीहरूले परीक्षा आवेदन प्रपत्र (फाराम) भरी सिधै परीक्षा नियन्त्रण कार्यालय, दाङमा पठाउनुपर्ने छ ।

**६. सबै तहका परीक्षा आवेदन फारामहरू विद्यापीठले राम्रोसँग रुजु गरी खण्डशः अलग-अलग गरी परीक्षार्थीहरूको विषयगत विवरण अंग्रेजी वर्णानुक्रमअनुसार तयार पारी शुल्कसहित फाराम भर्ने अन्तिम मितिले ७ दिनभित्र परीक्षा नियन्त्रण कार्यालय बेलझुन्डी, दाङमा आइपुग्ने गरी पठाउनुपर्ने छ ।**

**७. परीक्षा फाराममा ने.सं.वि. द.नं. अनिवार्यरूपमा उल्लेख हुनुपर्ने छ ।**

८. राम्रोसँग परीक्षा आवेदन फाराम नभरी विवरण फरक पर्न गएमा सम्बन्धित परीक्षार्थी वा विद्यापीठ नै जवाफदेही हुने छन् ।

**पुनश्चः विद्यापीठहरूबाट परीक्षा फाराम पठाउँदा बुँदा नं. ६ र ७ अनिवार्यरूपमा कार्यान्वयन गरिएको हुनुपर्ने छ ।**

(सहप्रा. मुरलीधर दाहाल)
परीक्षा नियन्त्रक

**परीक्षा-नियन्त्रक**

दिनाङ्क :- २०८२ साल पौष २८ गते,
बेलझुन्डी, दाङ ।

CS Scanned with CamScanner